परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

❑ वर्ष ११ ❑ अंक ३ज्ञ २०७९ फागुन २८ गते आईतवार Sunday 12, MAR 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## संघियता र परिवर्तका विरोधीहरुको सत्तामा हालीमुहाली : कडेल




नेकपा (क्रान्तीकारी माओवादी) समर्थित अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियनले विराटनगरमा शुक्रवार गरेको प्रदर्शन ।

विराटनगर । संघियता र परिवर्तनका विरोधीहरुको अहिले हालीमोहाली रहेको नेकपा ( क्रान्तीकारी माओवादी) स्थायी समिति सदस्य एवं प्रवक्त हरिभक्त कडेलले वताएका छन् ।

मजदुरहरुको रोजगारी तलव वृद्धि, नि:शुल्क स्वास्थ्य सुरक्षा र अधिकारको निम्ती सधर्षको आह्वान, क्रान्तिकारी कार्यदिशाको विकास, जागरण र एकताको निम्ती पाँचौ राष्ट्रिय सम्मेलन नाराका साथ अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको सम्मेलनलाई समुद्घाटन गर्दै प्रमुख अतिथी कडेलले सो कुरा वताएका हुन् ।

अहिले सत्तामा रहेका हरुलाई नै राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री लगाय तसवै थोक चाहिने र देशलाई लुट्नेहरुको हाली मुहाली भएको भन्दै पूर्व माओवादीहरु पार्टीका एकताका कुरा गरि रहेका छन् त्यो भ्रममा नपर्न आमजन समुदायलाई आग्रह गरेका थिए ।

पार्टी एकता सिद्धान्त, विचार र कार्यविधी लक्षित कार्यक्रमसंग विचार मिल्नेहरु संग मात्र एकता हुन सक्छ । क्रान्ती कारी धारवोकेका पार्टीहरु एक हुनु पर्छ वहांको भानई थियो । सामराज्य गुटको केन्द्र हो अवसरवाद र संसोधनवाद फुटको जड हो । नेपाली जनताले क्रान्तीकारी कम्यूनिष्ट चाहन्छन जुन कम्युनिष्टहरुले गरको विकासलाई जनता हेर्न चाहन्छन् । समान्तवादवाट मुक्ती पाईन्छ भनेर

वांकी अन्तिम पेजमा...

## उपराष्ट्रपतिका लागि तीन दलवाट चारको उम्मेदवारी

विराटनगर । उपराष्ट्रपति पदका तीन दलवाट चारजनाको उम्मेदवारी दर्ता भएका छन् । नयाँ बानेश्वरस्थित संघीय संसदस्थित निर्वाचन अधिकृत कार्यालयमा सत्ता गठबन्धनका तर्फबाट दुई दलवाट ३ जना र एमालेबाट एक जनाले उम्मेदवारी दिएका हुन् ।

सत्ता साझेदार दलमा उपराष्ट्रपति उम्मेदवारमा साझा सहमति हुन नसकेपछि जनता समाजवादी पार्टी जसपाबाट रामसहाय प्रसाद यादव, प्रमिला यादव र जनमत पार्टीवाट ममता झाको उम्मेद्वारी दर्ता भएको छ ।

त्यसैगरी नेकपा एमालेबाट भने उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले उम्मेदवारी दर्ता गराएका छन् । शाक्यको प्रस्तावकमा अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ, छविलाल विश्वकर्मा, गोकर्ण बिष्ट, रघुवीर महासेठ हुनुहुन्छ भने समर्थकमा कृष्णगोपाल श्रेष्ठ, महेश बर्तौला, तुलसा दाहाल, भगवती न्यौपाने, यशोदा रिजाल हुनुहुन्छ ।

जसपाका उम्मेदवार रामसहाय प्रसाद प्रस्तावकमा अशोक कुमार राई, प्रदीप यादव, किशान श्रेष्ठ, शक्ति बस्नेत, रमेशजंग रायमाझी हुनुहुन्छ भने समर्थकमा रेखा यादव, अम्बिका काफ्ले, प्रकाश ज्वाला, खिमलाल देवकोटा र भानुभक्त जोशी हुनुहुन्छ । प्रमिला यादवको प्रस्तावकमा रञ्जु झा, मृगेन्द्र कुमार सिंह यादव, नवलकिशोर शाह, दीपक कार्की, राजकिशोर यादव हुनुहुन्छ भने समर्थकमा अनिता देवकोटा, विमला सुवेदी, सीता गुरुङ, जयन्ती राई र मनिष सुमन हुनुहुन्छ ।

सत्ता घटक जनमत पार्टीकी उम्मेदवार झाको प्रस्तावकमा अब्दुल खान, अनिता देवी, गंगाराम चौधरी, अविराम शर्मा, रुपाकुमारी यादव हुनुहुन्छ भने समर्थकमा गोमालाम सापकोटा, विनिता कुमारी सिंह, वसन्तकुमार कुशवाह, राम प्रकाश चौधरी र रानीकुमारी तिवारी हुनुहुन्छ ।

त्यसैगरी उपराष्ट्रपति पदका

वांकी अन्तिम पेजमा...

## नेपाली काँग्रेस पार्टीको क्रियाशिल सदस्यले प्रेस यूनियनको सदस्यता पाउँदैन

विराटनगर । नेपाली काँग्रेस निकट पत्रकारहरुको संगठन नेपाल प्रेस यूनियमा नेपाली काँग्रेस पार्टीको क्रियाशील सदस्यले सदस्यता नपाउने यूनियनका अध्यक्ष शिव लम्सालले वताएको छ ।

प्रेस यूनियन कोशी प्रदेश कार्य समिति पदाधिकारी तथा सदस्यहरुको पदस्थापन समारोहलाई सम्वोधन गर्दै सो कुरा वताएका हुन । नेपाल प्रेस यूनियन पार्टीका नेताहरुको गुट-उपगुटको निर्देशनमा चल्दैन, केवल पत्रकारहरुको हक हितमा प्रेस यूनियन ७ वटै प्रदेशमा संगठीत भएको वताउँदै नेपाल प्रेस यूनियनको सदस्यता श्रमजिवि पत्रकारहरुले मात्र पाउने लम्सालले दावी गरे ।

माघ १४ गते सम्पन्न भएको नेपाल अधिवेशनवाट सर्वसम्मतिले निर्वाचित भएका प्रेस यूनियन कोशी प्रदेश कार्य समिति पदाधिकारी तथा सदस्यहरुलाई लम्सालले प्रमाण-पत्र वितरण गरेका थिए ।

प्रमाण-पत्र ग्रहण गर्नुहुँदै नेपाल प्रेस यूनियन कोशी प्रदेशका अध्यक्ष मीनकुमार नवोदित श्रेष्ठले यूनियनको कार्यविधिलाई पालना गर्दै श्रमजिवि पत्रकारहरुको हकहित मा काम गर्ने प्रतिवद्धता जनाए का थिए । नेपाल ट्रेड यूनियन कोशी प्रदेशका अध्यक्ष नारायाण कार्की, नेपाल पत्रकार महासंघ मोरङका अध्यक्ष संजिव खनाल, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका महासचिव विवेक गौतम लगायतले यूनियनका कोशी प्रदेश कार्य समिति पदाधिकारी तथा सदस्यहरुलाई सफल कार्यकालको शुभ कामना दिएका थिए ।

कोशी प्रदेश कार्य समितिको

वांकी अन्तिम पेजमा...

हात्तीपाईले रोग निवारणका लागि राष्ट्रिय आमऔषधि सेवन कार्यक्रममा सहभागी हुन हार्दिक अनुरोध

लामखुट्टेको टोकाइबाट सर्ने हात्तीपाइले रोग निवारणका लागि यही फागुन ११ गतेदेखि तालिम प्राप्त स्वास्थ्यकर्मीहरुबाट हात्तीपाइले रोग विरुद्धका औषधि डिईसी, अल्बेन्डाजोल र आईभरमेक्टिन खुवाउने कार्यक्रममा सहभागी हुन लागि हार्दिक अनुरोध गर्दछौं ।

- हात्तीपाइले रोगको औषधि दुई वर्ष उमेर नपुगेका बालबालिका, गर्भवती र सात दिनसम्मका सुत्केरी तथा सिकिस्त बिरामी र छारे रोग भएका बिरामीले खानु हुँदैन ।
- खाली पेटमा पनि औषधि नखान हार्दिक अनुरोध गर्दछौं ।
- शरीरमा परजीवि भएमा हात्तिपाइलेको औषधि खाएपछि कसै कसैलाई सामान्य टाउको दुख्ने, वाकवाकी लाग्ने हुन सक्छ । यी सामान्य असर केही समयमा नै हराएर जान्छ ।
- आमऔषधि सेवन कार्यक्रममा तालिम प्राप्त स्वास्थ्यकर्मीहरुले तपाईको घर नजिकैको बुथमा तथा घरभेटमा औषधि खुवाउन आउने भएकाले कार्यक्रममा सहभागी हुन अनुरोध गर्दछौं

स्वास्थ्य कार्यालय मोरङ
प्रदेश नं. १, विराटनगर

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## होलीको...

प्रदान गरी खुशीयाली वनाएको वताए ।

शुभकामना अदान प्रदान कार्यक्रममा उपस्थित सवैले एक अर्कालाई सप्तरंगी अविर दलेर होलीको गीतमा नाचेका थिए ।

सोही अवसरमा वक्ताहरुले हिरनाकाश्यापुले जसरी छलगरी आफ्नौ वहिनी होलीका मार्फत विष्णु भक्त प्रलादलाई मार्न खोजेको थिए तर प्रलाद सत्यमा अडिग भएकै कारण असत्यमा चलीके होलीका आफै मरी र भक्त प्रलाद आगोवाट बचे । त्यसैगरी हाम्रो समाजमा पनि धेरै आसुरी शक्तिहरु छ ती आसुरी शक्तिहरुलाई पराजीत गर्न सवैले सही वाटोका अवलम्वन गर्नु पर्ने विचार औल्याएका थिए ।

त्यसैगरी होली खेल्न जसरी सात किसिमको रंगको प्रयोग गरिन्छ त्यसैगरी हामी समाजमा वसेका सवै जातजातिहरु मिलेर बस्ने पर्ने मिलानका सचिव जितेन्द्र दवेले वताए । रंग अविर खेलेर होली मिलन कार्यक्रम सम्पन्न भएको थियो ।

## प्रचण्ड...

समिति झापाका संयोजक राजु आचार्य अग्निले भन्नुभयो, "संक्रमणकालिन न्यायको मूल्य, मान्यता विपरीत हुने कार्यहरु र गतिविधिले मुलुकमा स्थापित शान्ति प्रक्रियामा गम्भीर चुनौती सृजना हुन्छ, हाल स्थापित शान्ति सम्झौताका पक्षधर राजनीतिक पार्टीहरु, शान्तिपक्षधर आम जनसमुदाय एकजुट हुन समेत आह्वान गर्दछौं ।"

१२ बुँदे सम्झौता र शान्ति प्रक्रियाको थालनीसँगै मुलुकको अग्रगामी प्रक्रिया विरोधी तत्वहरु तथा प्रतिगमनकारी प्रवृत्तिहरु विभिन्न रुपमा सलबलाइरहेको परिप्रेक्षमा यी प्रवृत्तिहरु विरुद्ध अग्रगामी परिवर्तन पक्षधर राजनीतिक शक्ति र पार्टीहरु तथा आम जनसमुदायलाई प्राप्त उपलब्धिहरुको रक्षाका निम्ति एकजुट हुन अनुरोधसमेत गरिएको छ । गलत क्रियाकलापको विरुद्धमा सशक्त प्रतिवाद गर्नका लागि पार्टी समवद्ध सबै संगठनलाई अपिल गरिएको संयोजक आचार्यले बताउनुभयो । सम्बन्धित पक्षलाई गलत निर्णय सच्याई बृहत शान्ति सम्झौताको अक्षरस: पालना गर्नसमेत उहाँले आग्रह गर्नुभयो ।

## संघियता...

नेपालीहरु कम्युनिष्ट आन्दोलनमा लागेको कडेलले दावी गरे ।

मधेश आन्दोलन, २०६२/०६३ का आन्दोलन जसले राजतन्त्रको अन्त चाहन्थे, परिवर्तन चाहन्थे ती सवैकुरा जनयुद्धको बलमा भएको थियो । क्रान्तीकारीहरु लुरुलुरु कहिले यता कहिले उता गरेर क्रान्ती हुन्छ । त्यसताले परिवर्तको नेतृत्व गर्छु भनेर फेरी जनतालाई धोका दिने । अव जनताको वीचमा सर्वहराको वीचमा मैले गल्ती गरे अव गर्दिन जनतासंग समर्पन गरेमात्र ती अवसरवादीहरुलाई आम नेपाली जनताले क्षमा दिने वहाँको भनाई थियो ।

अहिले देशमा गरीव निमुखा जनतालाई लघुवित्त बैक र बैकहरुले शोसन गरी रहका छन् । लघुवित्तको मिटर व्याजले आम गरीव, मजदुर जनता मरि रहेका छन् । सरकारी ओहदामा बसेकाहरुले बैकमा पैसा राखेका छन् । त्यसैले सरकारमा रहेका सामन्तीहरु जहाँ आफ्नो सम्पत्ती राखेका छन् त्यही एकपटक गरीव र उत्पीडितहरुले बैकहरुलाई कब्जामा लिई धावा वोल्नु पर्छ । भ्रष्टाचारीहरुलाई सम्मान र मजदुरहरुलाई थुन्ने जेलहरुलाई भत्काउनु भत्काएर अहिलेको शासन व्यवस्थालाई भत्काएर ल्याउनु पर्ने अहिलेको वाध्यता भएको अखिल नेपाल क्रान्तिकारी ट्रड युनियन महासंघका अध्यक्ष इशवर तिम्सिनाले वताए ।

नेकपा (क्रान्तिकारी माओवादी) समर्थक अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको पाँचौ राष्ट्रिय सम्मेलनको पूर्व सन्ध्यामा जनप्रदर्शन गरेका थिए । विराटनगर महानगरपालिका अगाडीवाट शुरु गरिएको प्रदर्शन मुख्य बजारका परिक्रमा गरी जनआन्दोलन चौकमा पुगेर कोण सभामा परिनत भएको थियो । उक्त सम्मेलन फागुन २७ र २८ गते सम्म चल्ने छन् ।

## नेपाली...

उपाध्यक्षमा ज्ञानेन्द्र निरौला, जयन्तीकला तामाङ, शारदा तामाङ, महासचिवमा सञ्जीव वाग्ले लगायत २९ सदस्य समिति सर्वसहमतले निर्वाचित भएका थिए ।

## उपराष्ट्रपतिका...

लागि उम्मेदवारी दिएका रामसहाय यादव विरुद्ध दुईवटा उजुरी परेको छ । नेकपा एमालेकी उपाध्यक्ष तथा उपराष्ट्रपति पदकी. उम्मेदवार अष्टलक्ष्मी शाक्य र जनमत पार्टीकी उमेदवार ममता झाले उजुरी दर्ता गरेकी हुन् ।

निर्वाचन आयोगले राष्ट्रपति पुरुष भइसकेपछि उपराष्ट्रपति पद महिला हुनुपर्ने व्याख्या गरेपछि शाक्यले त्यसकै आधारमा उजुरी दिएकी हुन् । त्यसैगरी झाले राष्ट्रपति खस आर्य पुरुष रामचन्द्र पौडेल निर्वाचित भइसकेको अवस्थामा उपराष्ट्रपतिमा महिला उमेदवार हुनुपर्ने भन्दै यादवविरुद्ध उजुरी दिएकी हुन् ।

# महिला दिवसको अवसरमा योग प्रशिक्षण



विराटनगर । ११३ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर मोरंग व्यापार संघका महिला उद्यम समितिले पतंजलि योग महानगर समिति, विराटनगरको सहकार्यमा योग प्रशिक्षण सम्पन्न गरेका छन् ।

अन्तर्राष्ट्रिय योग प्रशिक्षक एवं योगापीस संस्थान, जयपुर, भारतका संस्थापक योगाचार्य ढाकाराम सापकोटाबाट योग प्रशिक्षण गराउने उद्देश्यले संघको महिला उद्यम समितिकी संयोजक श्रीमती बन्दना जैनले विशेष गरी उद्योगी/ व्यवसायी हरुलाई लक्षित गरी योग प्रशिक्षण कार्यक्रम संचालन गरेका थिए ।

पतंजलि योग महानगर समितिका महासचिव राजुचन्द्र दाहालले कार्यक्रम बारे प्रकाश पार्नु भएको थियो । दैनिक जीवनलाई सन्तुलित राख्न आवश्यक योगहरुको प्रशिक्षण सापकोटाले दिएका थिए ।

प्रशिक्षण कार्यक्रममा सहभागीहरुलाई संघको महिला उद्यम समितिकी संयोजक श्रीमती बन्दना जैनले स्वागत गरेको थियो भने सचिव श्रीमति साधना झाले कार्यक्रम संचालन गरेका थिए ।

सो प्रशिक्षणमा संघका सचिव श्री संजय श्रेष्ठ सहित कार्यसमिति सदस्यहरु, महिला उद्यमीहरु, उद्योगी/ व्यवसायी हरु, समाजसेवीहरु, सञ्चार कर्मीहरु लगायतको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको सभापतित्व संघका वरिष्ठ उपाध्यक्ष अनुपम राठीको संयोजकत्वमा सम्पन्न भएको थियो ।

# हुन्डी कारोवार गरेको आरोपमा एक पक्रउ

विराटनगर । मोरडको बिराटनगर महानगरपालिका-६ स्थितबाट हुण्डी कारोवारमा संलग्न एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बिराटनगर-१५ का ३१ बर्षीय धर्मानन्द साह रहेका छन । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले हुण्डी कारोवारमा संलग्न रहेका साहलाई नगद ४ लाख ७५ हजार रुपैया, बिभिन्न बैंकहरुको चेक, एटीएम कार्ड, भौचर तथा को.२९ प ९७३९ नम्वरको मोटरसाईकल सहित पक्राउ गरेको थियो ।

बिहिवार पक्राउ परेका साहको सम्मानित मोरङ जिल्ला अदालतबाट हुण्डी सम्बन्धि कसूरमा म्याद थप गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

**लागुऔषध रहित परिवार : स्वस्थ जीवनको आधार**

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ । लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

**विराटनगर महानगरपालिका, प्रदेश १**

**शौचालयको प्रयोग गरौं, संक्रमणवाट जोगिऔं**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुन पानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि औंलाको बीच नङ लगायत हातका सबै भागमा कम्तिमा २० सकेण्ड सम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।
- गैरकानूनी र उच्छृंखल व्यवहार नगरौं ।

जीवाणु लगायतको संक्रमणवाट आफूपनि बचौ, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation

## सम्पादकीय

### राजनितिक सिद्धान्त कायम गरौ

*राष्ट्र मान्यता प्राप्त राजनीतिक दल लगायत अन्य स-साना राजनीतिक दलहरुले आफ्नो राजनीतिक सिद्धान्त, निष्टा र आदर्शलाई तिलान्जली दिदै सवै पार्टीका नेताहरुले सत्ताा स्वार्थमा डुवेका छन् । ती सवै राजनीतिक दलहरुको आ-आफ्नो विधान, घोषणापत्र, निती, नियम निर्धारण गरका छन् । तर ती निती, नियम, विधान, घोषणपत्र जनतालाई देखाउने दाँत मात्र भएको अहिले सावित भई रहको छ । सत्तामै टिकी रहन नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एव प्रधानमन्त्ती आफै पनि राजनितिक सिद्धान्तलाई तिलाञ्जली दिदै ढुलमुले निती लएर अगाडी वढी रहको छ । कहिले एमालेको पोल्टोमा जाने र कहिले काँग्रेसको पोल्टोमा जाने गरेका छन् । दुई ठूला दल नेपाली काँग्रेस र नेकपा एमालेलाई तेस्रो दलले खेलाई रहेको छ । ती खेलमा सवै पार्टीले आफ्नो सिद्धन्त विर्सिएर सत्ता मोहमा फसेका छन् ।*

*पहिले पहिले केही जातजातीहरुले आफ्नो पेशा संचालन गर्न अंशमा दाजुभाईले गाउँ वाड्ने गरको कथाहरु सुनिन्थियो तर अहिले राजनितीक दलका विद्धान नेताहरु देशामा रहेको संवैद्धानिक पदहरु वाड्ने गरको छन । अहिले सत्ता साझेदारीमा रहेको नौ राजनीतिक दलहरुले  सोही वाडफाडमा लागेर आ-आफ्नो सिद्धान्त विर्सिएका हुन । अहिलेको राजनीतिमा माओवादी केन्द्रले प्रधानमन्त्री, एमालेले सभामुख र नेपाली कांग्रेसले राष्ट्रपति र केही साना दलहरुले मन्त्री पद पाई सकेका छन् । उपराष्ट्रपतिमा तीन दल सहित ४ जनाको उम्मेदवारी दर्ता भएको छ ।  त्यसमा कसको भाग लाग्ने हो त्यो हेर्न वाकी नै छ ।*

*राजनीतिक दलका नेताहरुले आ-आफ्नो सिद्धान्त देशको अर्थतन्त्र उकास्न पट्टि केन्द्रित भएको भए त्यसलाई केही हद सम्म जनताहरु मान्थे तर सत्ता भत्काउने र वनाउने खेलमा सिद्धान्त विर्सिएकोले त्यसको हिसव किताव आम नेपाली जनताले एक दिन अवश्य लिनेछ । राजनीतिक सिद्धान्त, निष्ठा र आदर्शलाई लत्याउँदै सत्ताका लागि जे पनि गर्ने र जोसँग पनि मिल्ने प्रवृती वन्द गर्नु पर्छ अन्यथा देश फेरी पनि आर्थक संकट र द्धन्द्धमा नजाला भन्न सकिन्न ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ।  भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा  तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# मार्च आठ र दलित महिला

डा. निर्मलकुमार विश्वकर्मा

आठ मार्चका दिन संसारभर अन्तर्राष्ट्रिय महिला दिवसका रुपमा मनाइन्छ। यस दिवसलाई संयुक्त राष्ट्रसंघ महिला नामक संस्थाले आर्थिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा महिलाहरुले प्राप्त गरेका उपलब्धि र समस्यामा छलफल गरी मनाउँदै आइरहेको छ। महिला दिवसको यस वर्षको नारा लैंगिक समानताका लागि प्रविधि र नवीनता रहेको छ।

अर्कातिर, यस्ता दिवसले समग्र उत्पीडित महिला विषेशगरी गरिब मुलुकका महिलाको अवस्थामा अपेक्षित उपलब्धि हासिल हुनसकेको छैन भन्ने मत राख्ने अभियानकर्ताको उपस्थिति पनि बाक्लै देखिन्छ।

यस्ता दिवसहरु मनाइरँहदा पनि अल्प विकसित मुलकका, विशेषगरी अश्वेत, अफ्रिकी र दक्षिण एसियाका दलित महिलाको अवस्था किन अत्यन्त निरीह छ भन्ने ठूलो प्रश्न उठिरहेकै छ। किन यी महिलाहरुको शिक्षा, स्वास्थ्य, आम्दानीजस्तै व्यक्तिगत जीवन अन्य महिलाभन्दा कमजोर छ ? किन उनीहरुको सार्वजनिक जीवन हेलोहोचो, उत्पीडन, हिंसा, बलत्कारबाट गुज्रिरहेको छ ? भन्नेजस्ता अनेक सवालहरु देखिन्छन् । जसरी संसारमा विविधता रहेको छ र विभेदमा पनि विभिन्नता देखिन्छ।

त्यसैगरी महिलाहरुबीच पनि विविधता रहेको छ। सबै प्रकारका महिलाहरु लैंगिक हिंसाबाट उत्पीडित रहे पनि यो उत्पीडनको क्षेत्र र मात्रा फरक हुन्छ। सोहीअनुसार यस्ता दिवसहरुले अभियान सञ्चालन गर्नुपर्छ भन्ने उनीहरुको बुझाइ छ।

महिलामाथि हुने उत्पीडन र शोषणविरुद्ध संसारमा महिलाहरुले सदियौँदेखि आआफ्नै प्रकारले प्रतिरोध गर्दै आइरहेका छन् । महिला आन्दोलनको सुरुआत भएको लगभग ४५० वर्ष भयो। संसारमा हाल उदारवादी, मार्क्सवादी, क्रान्तिकारी, समाज वादी महिला मुक्ति्त आन्दोलन चलिरहेका छन् ।यी धारणप्रति थुपै प्रकारका प्रश्न र आरोपहरु प्नि छन् । पहिलो आरोप के छ भने यी सिद्धान्तहरुमा महिलाको परिभाषा अपूर्ण रहेको छ। यसले सबै महिला समान छन् भन्ने मान्यता राख्छन् । परन्तु, महिलाभित्र पनि श्वेत/अश्वेत, पश्चिमा/पूर्वीय, उत्तर/दक्षिण, धनी/गरिब महिला हुन्छन् ।

यी सिद्धान्तहरुले किन एउटी महिलाले रंग, जातीयता, वर्ग, ठाउँ आदिका आधारमा अर्की आफूजस्तै महिलालाई उत्पीडन गर्छिन् र यिनीहरु बीचमै किन असमानता रहेको छ भन्ने विश्लेषण गर्दैन ।

यी सिद्धान्तहरु अमेरिका र युरोपका गोरी मध्यमवर्गीय महिलालाई ध्यानमा राखेर प्रतिपादन गरिएका हुन् भन्ने आरोप पनि छन् । त्यसैले अमेरिकाको महिला आन्दोलनले गोरी भए पनि गरिब, आप्रवासी, अश्वेत महिलाको समस्यालाई यस्ता दिवसहरुले सम्बोधन गर्न सकेनन् भनिन्छ।

त्यसैगरी, यी सिद्धान्तहरुले उत्पीडकहरुको परिभाषा पनि स्पष्टरुपमा गरेका छैनन् भनिन्छ। पुरुष उत्पीडक हो, पुँजीवादी पुरुष उत्पीडक हो, यिनले प्रभुत्व जमाएको संस्था उत्पीडक हो भनियो तर कस्तो रंगको, कस्तो ठाउँको, कस्का लागि, कस्तो प्रकारको पुरुष उत्पीडक हो भनेर विश्लेषण गरिएन। यिनै कमजोरीलाई सम्बोधन गर्न अमेरिकाबाट फरकधार महिलावादी आन्दोलन बाहिर आएको दखिन्छ।

उनीहरुका अनुसार समाजमा साधन र स्रोतहरु वर्ग, रंग, जातीयताका आधारमा असमानरुपले वितरण भएको हुन्छ।

जस्तै श्वेतहरु साधन सम्पन्न हुन्छन् । त्यसैले श्वेत र अश्वेत महिलाबीच असमानता हुन्छ। धनी र गरिब महिलाबीच खाडल निर्माण हुन्छ र महिला महिलाबीच विभेद र उत्पीडन उत्पन्न गर्छ भनिन्छ।

यस अवधारणका अभियन्ताहरुले किन र कसरी एक गोरी महिलाले अर्की महिलाप्रति उत्पीडन, विभेद गर्छिन् भनी विश्लेषण गर्छन् ।

यिनीहरुले महिला र पुरुषबीचको सम्बन्धमात्र नहेरी, असमानता, विभेद, उत्पीडनका सबै पाटालाई विश्लेषण गर्छन् । समाजका कमजोर महिला जस्तै गरिब अश्वेत महिलामाथि पुँजीपति, शक्तिशाली श्वेत पुरुष किन र कसरी निर्दयी हुन्छ र अत्याचार गर्छ भन्ने मिहिन पक्ष पनि विश्लेषण गर्नुपर्छ र यस्ता दिवसका कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ भन्ने यी अभियन्ताको धारणा देखिन्छ।

अश्वेत अमेरिकी महिला अधिकारकर्मीले सञ्चालन गरेको फरकधारका महिला आन्दोलन बाट सिक्दै भारतीय मूलधारका महिला आन्दोलनलाई नकार्दै भारतबाट दलित, आदिवासी, बहुजन फेमिनिज्म पनि सुरु भएको पाइन्छ।

यसमा पनि केही अभियन्ताले अफ्रिकी-अमेरिकी महिला र यी महिलाहरुले समान खालको ऐतिहासिक विभेद भोगेको हुनाले त्यसका सिकाइहरु लागु गर्नुपर्छ भनेका छन् भने धेरै महिला अधिकारकर्मीले यी महिलाका समस्या रंगका आधारमा नभई जातिका आधारमा भएको र हिन्दु धर्मसँग जोडिएका हुनाले फरक ढंगले जानुपर्छ भन्ने मान्यता राख्छन् ।

यस्ता अभियान वा आन्दोलन स्वाभाविकरुपमा महिलामाथि हुने उत्पीडन र हिंसाविरुद्ध सदीयौंदेखि चल्दै आएका छन् । यसले लैंगिक विभेदविरुद्ध आवाज उठाइरहेको पनि छ। तर, के लैंगिक उत्पीडनविरुद्ध आवाज उठाउनु नै महिला आन्दोलनका लागि पर्याप्त छ ?

यो महिला आन्दोलनका लागि महत्त्वपूर्ण र गंभीर प्रश्न हो। यसपछि जातीय विभेदविरुद्ध, रंगका आधारमा हुने उत्पीडन, क्षेत्रीय शोषण, आर्थिक शोषण, शैक्षिक असमानताविरुद्ध पनि समान रुपमा आवाज उठाउनु पर्छ कि पर्दैन भन्ने प्रश्न पनि खडा हुन्छ।

नेपालमा पनि महिला आन्दोलनको संगठित प्रयासले एक शताब्दी नाघेको छ। विसं. १९७३ सालमा योगमाया न्यौपानेको नेतृत्वमा गठित महिला समिति नामक संस्था नै नेपालमा पहिलो र संस्थागत संगठन हो।

नेपालको महिला आन्दोलनले सुरुदेखि नै विविधतालाई सम्बोधन गर्ने प्रयास गरेको थियो र यसले समग्र महिलाको सशक्तीकरणका सन्दर्भमा अत्यन्त सकारात्मक भूमिका खेलेको देखिन्छ। योगमाया बहुविवाह, बालविवाह तथा अनमेलविवाहविरुद्ध थिइन् ।

उनले समाजमा रहेको जातीय तथा महिलामाथि हुने विभेदको विरोध गरेकी थिइन्। नेपालमा त्यतिबेलासम्म पनि कायम रहेकोसती प्रथाको पनि उनले खुलेरै विरोध गरेकी थिइन् ।

नेपालमा यो अन्तर्राष्ट्रिय महिला दिवसलाई ०४६ सालको आन्दोलनपछि महिला दिवसको रुपमा मनाउन थालिए पनि २०५८ सालमा राष्ट्रिय महिला आयोग गठन भएपछि आयोगकै तर्फबाट श्रमिक महिला दिवस नाम दिई मनाइएको पाइन्छ।

त्यसपछि २०७४ सालमा श्रम कानुन निर्माणपछि यो दिनलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाइँदै आएको छ। नेपालमा मनाइने यस्ता दिवसहरु महिलाभित्रका विविधतालाई सम्बोधन गरी सञ्चालन गर्नुपर्छ र वास्तविक श्रमिक महिलालाई केन्द्रमा राख्नुपर्छ भन्ने माग व्यापकरुपमा उठेको छ।

नेपाल बहुजातीय, बहुभाषिक र भौगोलिक विविधता भएको देश हो। यसैले महिलाहरुबीच पनि विविधता छ। यहाँ ब्राम्हण क्षेत्री, खस महिला, दलित महिला, जनजाति महिला, मुस्लिम महिला, अपाङ्गता भएका महिला तथा दुर्गम क्षेत्रका महिला छन् ।

यी महिलाहरुबीचै पनि थुप्रै प्रकारका असमानता छन् । यी महिलाहरुमाथि हुने उत्पीडनका स्वरुप र दायरा पनि फरकफरक छन् । यी महिलाहरुका माग, आवश्यकता, प्राथमिकता पनि फरकफरक छन् । यस्ता दिवसहरुमा सञ्चालन गरिने

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# झापा र सुनसरीवाट ब्राउनसुगर सहित पाँच पक्राउ

बिराटनगर । झापा र सुनसरीको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहीवार सुनसरीको दुहबी नगरपालिका ५ फुटबल चोक स्थितमा ईलाका प्रहरी कार्यालय दुहबीबाट खटिएको प्रहरी टोलीले बिराटनगरबाट ईटहरी तर्फ जादै गरेको मे ११ प ६१७८ नम्बरको स्कुटिलाई रोकी चेकजाँच गर्दा स्कुटि चालक झापा कमल गाँउपालिका ८ का २७ बर्षीय अर्जुन सुब्बा र स्कुटिमा पछाडी सवार झापा शिवसताक्षि नगरपालिका-८ का २१ बर्षीय मुकेश चौधरीको साथबाट ८.७ ग्राम ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो ।

त्यसै गरी झापाको बिर्तामोड नगरपालिका-२ का २० बर्षीय विश्वास संग्रौलाको कोठामा लागुऔषध बेचबिखान भईरहेको छ भन्ने बिषेश सुचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले झापा बिर्तामोड नगरपालिका ४ का २० बर्षीय अभिषेक शर्मा र बिर्तामोड नगरपालिका ८ की २० बर्षीया अनिशा मण्डलको साथबाट ८ ग्राम ब्राउन सुगर, नगद ११ हजार ६ सय रुपैँया, २ थान मोबाईल र डिजिटल तराजु १ थान सहित पक्राउ गरेको थियो ।

प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धित कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।

# ट्रिपरको ठक्करवाट मोटरसाईकल चालकका मृत्यु

विराटनगर । मोरंगको कटहरी गाउँपालिका वडा नं. ७ जंगलटोल तकिया सडक खण्डमा ट्रिपरको ठक्करवाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

माटो आसार्ने क्रममा ट्रिपरको ठक्कर लागि ग्रामथान गाउँपालिका वडा नं. ६ नेता चौक बस्ने ३३ वर्षिय पपु सहनीको मृत्यु भएको हो ।

उत्तरबाट दक्षिण तर्फ जादै गरेको प्रदेश १-०२-००१ क ३८९३ नम्बरको टिपरले बिपरित दिशाबाट आउदै गरेको को २२ प ७८२३ नम्बरको मोटरसाईकललाई ठक्कर दिदा मोटरसाईकल चालकको घटना स्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

कन्छाराम कन्ट्रकसनका टिफरले मोरङको कटहरी-७ मा केहि समयदेखि माटो आसार्ने काम गर्दै आईरहेका थिए । ट्रिपर चालक जिल्ला काभ्रे पाँचखान नगरपालिका-६ का ५९ बर्षीय श्याम बहादुर मगरले आफु टिफर नचालाएर स्थानीय युवा सागर खनाललाई टिफर चलाउन दिएपछि दुर्घटना भएको स्वीकार गरेको छ ।

प्रत्यक्षदर्शी सुन्जय कुमार सरदारले जनाउनुभयो ।

खनालले टिफर सिकने क्रममा दुघृटना गराएको प्रत्यक्षदर्शी सुन्जय कुमार सरदारले जानकारी गराए । मृतकका आफन्तहरुले तत्काल टिफर चालक खनाललाई पक्राउ गर्न प्रहरीलाई दवाव दिएका दिएका थिए । मृतक सहनीको परीवारलाई न्यायका लागि उनका भतिजा बिक्रम सहनीले आग्रहगर्नुभयो ।

प्रत्यक्षदर्शीहरुले दिएको बयानको आधारमा दोसी माथी प्रहरीले कारवाही नचलाएमा आन्दोलन गर्ने चेतवनी मृतकका भतिजा विक्रम सहनीले दिएको छ ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति ळिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १


# पोर्चुगलमा आप्रवासीहरुको समस्या समाधानका लागि साहयता कक्ष संचालन

युरोप । नेपली आप्रवासी गायतको समस्या समाधान गर्ने उदेश्यले पोर्चुगलमा सहायता कक्ष संचालन भएको छ ।

साहयता कक्ष संचालन गरेसंगै धेरै भन्दा धेरै नेपाली लगाएत आप्रवासीले सास्ती पाउन बाट मुक्ति पाएका छन । नेपाली लगाएतका आप्रवासी को समस्यामा मलहम लगाउने काम अहिले पोर्चुगलमा स्थापना गरिएको सहायता कक्ष ले गरिरहेको छ ।

युरोपेली मुलुक मध्य अहिले धेरै नेपाली को रोजाइ पोर्चुगल हुने गरेको छ । कारण हो अरु युरोपेली देश भन्दा पोर्चुगल नेपाली लगाएत आप्रवासीका लागि अलि बढी उद्धारतावादी देखिएको छ । पछिल्लो समय धेरै नेपालीहरु पोर्चुगल पुग्ने गरेका छन । तर यहाँको भौगोलिकता, भाषा लगाएत कागजी प्रक्रिया बारे राम्रोसँग ज्ञान् नहुँदा धेरै नेपाली लगाएत आप्रवासीहरुले सास्ती बेहोर्नु परेको छ । नेपाली लगाएतका आप्रवासी को समस्यामा मलहम लगाउने काम अहिले पोर्चुगलमा स्थापना गरिएको सहायता कक्ष ले गरिरहेको छ ।

सहायता कक्ष (ज्भिउ म्भकप क्ष्ल उयचतगनबा) को स्थापना कसरी भयो त ?

नेपाल मा सूचना प्रबिधि अध्यन गरेर स्वदेशमा नै केहि गर्छु भन्ने उधेश्य राखेका बिक्की सुवेदी आफ्नो पढाइ को उचित कदर नहुने देखेर करिब दश बर्ष अघि युरोप छिरे । युरोप को प्रचलित देश पोर्चुगल पुग्दा सुवेदीले सुरुवाती दिनमा धेरै समस्या भोगे । आफन्त को भरोसामा पोर्चुगल पुगेका सुवेदी उनै आफन्तको सहयोग पाउन बन्चित भएको वताए ।

आफन्तले सहयोगको नाममा अन्तरघात गरे पछि बिचलित भए पनि हिम्मत भने नहारेको उनको अनुभव छ । उनी भन्छन् म भगवान मान्छु सम्झिए एउटा बाटो बन्द भएपनि अरु बाटो उनै भगवानले देखाउछन यहि आसा राखेर म आफ्नो कर्म गर्न थाले । यो बिचमा मैले कति समस्या र बाधा झेले भन्ने साध्य छैन त्यसैले एउटा अठोट गरे मैले जति दु:ख भोग्नुपरे पनि अब आउने नेपाली दाजुभाइ तथा दिदीबहिनी लगाएतका आप्रवासीले मेरो जस्तो समस्या बेहोर्नु नपरोस म समाधान को सारथि बन्न सकु भन्ने सोचाइ आयो मेरो मनमा उनी भन्छन् यस्तै सोचाइ ले मेरो दिमागमा सहायता कक्षको भाव आयो र यसको जन्म भएको हो ।

सहायता कक्ष अहिले नेपालीहरुको सहाराको सारथी मात्र होइन पोर्चुगलमा रहेका आप्रवासीको भरोसा बनेको छ । पर्याप्त पैसा कमाउने र पारिवारिक सम्पन्नतालाई मजबुद बनाउने उद्देश्यले विदेशिएका सुबेदि अहिले भने समस्यामा परेका नेपालीहरुका साथै अन्यका लागि समेत मलहम भएका छन् ।






पर्वत जिल्लाको कुस्मामा स्थायी घर भएका विक्की हाल : युरोपियन मुलुक पोर्चुगलमा बस्छन् । शुरुमा रोजगारीको लागि पोर्चुगल छिरेका उनी अहिले नेपालीहरु मध्य सबैभन्दा कान्छा ब्यवसायीको रुपमा परिचित छन् । करिव एक दशकदेखि ब्यवसायमा संलग्न भएका उनले आफ्नो 'powerful Prism LDAÚ नामक कृषि कम्पनी स्थापना गरेर संचालनमा ल्याएका छन । सोही कम्पनीमा विभिन्न आप्रबासीहरुलाई रोजगारी दिएका छन् । यसका अलावा सामाजिक सेवामा समेत लागेका सुवेदीको समुहले अन्य दुई कम्पनीको स्थापना गरी करिब तीन हजार ब्यक्तीलाई रोजगारी दिएको छ ।

उनले पोर्चुगलमा स्थापना गरेको "हेल्प डेक्स इन पोर्चुगल" नामक संस्था अहिले एकदमै चर्चामा रहेको छ किनभने नेपाली कामदारहरुका लागि अत्यन्तै सहयोगी त छदैछ साथै अन्य आप्रवासीको लागि समेत सो संस्थाले सहयोग गर्ने गरेको छ । रोजगारीको सिलशिलामा पोर्चुगल आएका र समस्यामा परेका आप्रबासीहरुका लागि यो संस्था सारथी नै बनेको त्यहाँ स्थायी रूपमा बसोबास गरिरहेका नेपालीहरुले नै बताउने गरेका छन् ।

एनआरएनए क्षेत्रिय समिति ओलेन्तेजो पोर्चुगलका उपाध्यक्ष समेत रहेका सुबेदीले हेल्प डेक्स इन पोर्चुगल संचालनमा ल्याएर अफ्ट्यारो परिस्थितिमा रहेका सम्पुर्ण आप्रवासीलाई सजिलो माध्यमबाट सेवा दिने गरेको बताए ।

पैसा कमाउने र सम्पन्न हुने र स्थायी रुपमा बसोबास गर्ने सपना बोकेर पोर्चुगल पुगेका विभिन्न देशका आप्रवासीहरु सुरुवाती दिनमा धेरै नै समस्यामा पर्ने गरेका छन । कारण हो सहयोग गर्ने नाममा दैनिक रूपमा दलालले सिधा सोझा ब्यक्तिहरुलाई सहजै फसाउने गरेका धेरै उदाहरण छन । बिश्वास गरेर काम गरिदिने बहानामा धेरै नेपाली लगाएत आप्रवासीले दुख नपाउन भन्ने उदेश्य राखेर सुबेदीले हेल्पडेक्स इन पोर्चुगल को स्थापना गरेको बताए । उनले सोही संस्था मार्फत उचित रकम लिएर सम्पुर्ण आप्रवासीको पेपरको काम गरिदिने गरेको बताए । उनले भने संस्थाले कुनैपनि आप्रवासीलाई छुट्टाउदैन यहाँसम्म आएर संस्थालाई बिश्वास गरेर काम गरिदिन आग्रह गर्ने सम्पुर्णको काम सरल र सहज तरिकाले गरिदुन्छौ ।

कसैलाई पनि समस्या नहोस भनेर नै हामीले सहायता कक्षको स्थापना गरेका हौ सबैलाई सम्मान भावनाले कदर गरेर काम गरिदिरहेका छौ र आगामी दिनमा अझै उद्वारताका साथ काम गर्ने जमर्को गरिरहेको उनको भनाइ छ । युरोपको सेन्जेन देशहरु मध्ये पोर्चुगल आप्रबासी मामिलामा अलि उदार देश मानिन्छ । जसका कारणले पनि नेपालीहरु लगाएत अन्य देशहरुका ब्यक्तिहरुको रोजाई यो देश हुने गरेको छ । त्यसैले अहिले धेरै आप्रवासीको चाप बढेको सुबेदीको भनाई छ ।

पोर्चुगलमा सबैभन्दा ठूलो समस्या भाषा रहेको छ । यहाँका हरेक कार्यालयहरुमा भाषा नजान्नेहरुका लागि कुनै पनि काम गर्न सहज छैन । पोर्चुगिसहरु आफ्नो भाषा प्रति ज्यादै कठोर हुन्छन् । कुनै पनि कामका लागि उनीहरु भाषा जान्ने लिएर आउन वा सिकेर आउन सुझाब दिन्छन् ।

अर्कोतिर आप्रबासीहरुले मिलाउनु पर्ने कागजी प्रकृया जथाभावी हुनाले समेत धेरैलाई समस्या पर्ने गर्दछ । कतिपयले नजानीकनै विभिन्न कुरा बताईदिने र सोही अनुसार आप्रबासीहरुले काम गर्ने कारण धेरैले समस्या भोग्नु नपरोस भनेर नेपाली तथा आप्रबासीहरुलाई सक्दो सहयोग 'हेल्प डेक्स इन पोर्चुगल' ले गरिरहेको छ । हेल्प डेक्स इन पोर्चुगल'को स्थापना भए पछि आप्रबासीहरुका लागि डकुमेण्टेशन तथा पोर्चुगलका विभिन्न सरकारी निकायहरुमा पर्ने समस्यालाई न्यूनिकरण र समाधान गर्न यो संस्थाले चौबीसै घन्टा सेवा दिने गरेको छ । हेल्प डेक्स इन पोर्चुगल ले हाल अनुमति सहित सहजै प्रबेशको वातावरण बनाउन लिगल इन्ट्री लिने, फिनान्सका सोसल अफिसका सम्पूर्ण कामहरु सहज रुपमा गराउने, बसोबास अनुमति तथा कार्डका लागि सेफ इन्ट्री गर्ने लगाएत परामर्श दिने लगायतको सेवा प्रदान गर्दै आएको छ ।

यदि कोही पनि नेपालीहरु पोर्चुगल आउदै हुनुन्छ भने एकपटक हेल्प डेक्स इन पोर्चुगल संग समन्वय गरेर मात्र आउन सुवेदीले सुझाव दिए । किनभने यहाँ आइसकेपछि समस्यामा पर्नु भन्दा आउनु अगाडि सम्पुर्ण प्रक्रिया बुझाउन समेत हेल्पडेक्स ले सहयोग गर्दै आएको उनले बताए ।


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७, ९८१३२४४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

## जमरकटेलहरुले दुई करोडको सामुदायिक भवन बनाउने

विराटनगर। जमरकटेल वंश एकता प्रतिष्ठानले विराटनगर-१९ स्थित बैजनाथपुरमा सामुदायिक भवन निर्माण गर्ने भएको छ। जमरकटेल बन्धुहरुले करिब दुई करोडको लागतमा सुविधासम्पन्न सामुदायिक भवन निर्माण गर्ने भएका हुन्।

बैजनाथपुरस्थित प्रतिष्ठान क्षेत्रमा बन्ने सामुदायिक भवनको विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले शिलान्यास गरेका छन्। सामुदायिक भवन निर्माणका लागि महानगरले पनि पाँच लाख रकम प्रदान गरेको छ। भवन शिलान्यास कार्यक्रममा बोल्दै मेयर कोइरालाले आगामी आर्थिक बर्षमा महानगरले थप आर्थिक सहयोग गर्ने प्रतिवद्धता जनाए। ‘जमरकटेल बन्धुहरु एकताबद्ध भएर सामुदायिक भवन बनाउँन जुट्नुभएको छ, यो एकदमै राम्रो कुरा हो,’ मेयर कोइरालाले भने, ‘सामुदायिक भवनका लागि यसपटक थोरै मात्र सहयोग गरिएपनि आगामी बर्ष महानगरले थप सहयोग गर्नेछ।’

कार्यक्रममा जमरकटेल वंश एकता प्रतिष्ठानका अध्यक्ष कुमारमणी जम्मरकटेल, उपाध्यक्ष द्वय कृष्णप्रसाद जमरकटेल, थिरप्रसाद जमरकटेल र महासचिव उदयप्रसाद जमर कटेलले बन्धुहरु एकतावद्ध भएर सामुदायिक भवन निर्माणमा जुटेको भन्दै यसका लागि सहयोग गर्न सबैमा आग्रह गरे।

जमरकटेल बंश एकता प्रतिष्ठानका सल्लाहकार एवं व्यवसायी राजु जमरकटेलले प्रतिष्ठानका लागि केही बर्षअघि बैजनाथपुरमा दुई कठ्ठा जग्गा प्रदान गरेका थिए। सोही जग्गामा सामुदायिक भवन बनाउँन लागिएको जमरकटेल बंश एकता प्रतिष्ठानका सचिव रविन कटेलले जानकारी दिए। उनका अनुसार भवनमा विभिन्न कार्यक्रम गर्न मिल्ने करिब तीन सय मानिस अट्ने क्षमताको सुविधासम्पन्न सभाहल बनाइनेछ। सो सभाहल जमरकटेल बंश एकता प्रतिष्ठानको प्रयोजनमा मात्र नभई कार्यक्रम गर्न अरुलाई पनि उपलब्ध गराइनेछ। दुई कठ्ठा क्षेत्रफलमा बन्ने सामुदायिक भवनमा तल्लो तला सभाहल हुनेछ भने दोस्रो तलालाई प्रतिष्ठानको प्रशासनिक काममा प्रयोग गरिनेछ। पर्याप्त पार्किङ क्षेत्रको व्यवस्था पनि मिलाइनेछ।

कोशी प्रदेशमा मात्र करिब २० हजारको संख्यामा जमरकटेलहरु छन्। महानगर लगायत सरकारी निकायहरुबाट थप सहयोग माग गर्ने र जमरकटेल बन्धुहरुबाट सहयोग संकलन गरेर सामुदायिक भवन निर्माण गरिने प्रतिष्ठानका अध्यक्ष कुमारमणी जमरकटेलले जानकारी दिए।

## होलीको अवसरमा औषधी व्यवसायीद्धारा शुभकामना आदानप्रदान

विराटनगर। नेपाल औषधि व्यवसायी संघ जिल्ला कार्य समिति मोरंगले हिन्दुहरुको महान चाड होलीको अवसरमा शुभकामना अदानप्रदान गरेका छन्।

संघका मोरङ अध्यक्ष लक्ष्मीप्रसाद तिम्सिनाले सम्पूण देश विदेशमा रहनु हुने नेपाली जादुभाईहरुलाई शुभकामना दिदै भने आसुरी शक्ति माथि विजय गरेपछि खुशी भएर रंग अविर खेल्ने गरेको छ। सो समझनामा हामीहरु पनि सधै झै यस वर्ष पनि होलीको अवसरमा शुभकामना आदान

वांकी अन्तिम पेजमा...


## हार्दिक अनुरोध

- *सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।*
- *बालश्रमको प्रयोग नगरौं ।*
- *आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।*
- *भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।*
- *अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।*
- *धर्म, संस्कृतिको संरक्षण गरौं ।*
- *सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।*
- *महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।*
- *जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।*

**जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १**


# संखुवासभामा खानेपानीको समस्या




विराटनगर। संखुवासभामा नेकपा एमालेले मिसन ग्रासरुट अभियानलाई तिव्रता दिएको छ।

अभियानको क्रममा एमालेका केन्द्रीय प्रतिनिधिहरु लाई खानेपानीको समस्या समाधान गर्न नागरिकहरुले आग्रह गरेका छन्। गाउँका समस्यालाई सम्बोधन गर्न स्थानीयको माग छ। संखुवा सभाको सभापोखरी पुगेकी नेकपा एमालेकी केन्द्रीय सदस्य विष्णुमाया विकलाई कार्यकर्ता तथा नागरिकहरुले दुर्गम बस्तीहरुमा खानेपानीको समस्या रहेको गुनासो सुनाए। गुनासोलाई स्थानीय तहबाट सम्बोधन हुने बिषय, जिल्ला तह, प्रदेश तह र संघीय सरकार को तहबाट सम्बोधन हुने बिषयहरुलाई प्राथमिकीकरण गरेर टिपोट गर्ने गरिएको बिकले बताईन्।

शुरुका दिनमा जिल्ला स्तरीय भेलाबाट पालिकाको योजना बनाएको बताएकी बि.क.ले पालिका तहको भेलाहरु भईरहेको जानकारी दिईन्। ‘पालिकाको भेलाहरुले वडा तहको योजना निर्माणको काम शुरु भएको छ, उनले भनिन्, ग्रास रुटमा निक्कै समस्याको चाङहरु देखिएका छन्, सबै पालिकामा पुग्दा त्यसको प्राथमिकीकरण हुनेछ।’ शुरुमा जिल्ला कसमटिको बैठक राखिएको थियो, कार्ययोजना बनाईएको उनले बताईन्। पालिका कमिटिहरुको बैठक चलिरहेकोमा खाँदबारी, सभा पोखरीमा बैठक सकिएको बि.कले बताईन्। बिशेषगरी वडा तहमा कार्यक्रम लग्ने योजना अनुसार पार्टीका बिचार जनतासम्म पुर्‍याउन पार्टीको अभियानलाई दुई महिनासम्म गाउँमै बसेर लाग्ने उनको भनाई छ। ‘प्रारम्भिक चरणमा खानेपानीका समस्याहरु प्रसस्तै आएका छन्, उनले भनिन्, नागरिकका समस्याहरु खोज्दै जाने कममा धेरै गुनासा राख्नु भएको छ, हामी अभियानमा हाम्रा कुराहरु पनि सुनाउँदै नागरिकका गुनासो टिप्दै हिँडेका छौं।’

संखुवाभाको पाँचखपन नगर पालिका, सभापोखरी गाउँपालिका, सिलिचोङ गाउँपालिका र खाँदवारी नगरपालिकामा एमालेले विष्णु मायाँ विक र टिकाराम चेम्जोङलाई केन्द्रीय प्रतिनिधि पठाएको छ भने चैनपुर नगरपालिका, धर्मदेबी नगरपालिका, मादीमा रमेश पौडेल तथा चिचिला, भोटखोला, मकालु गाउँपालिकामा पासाङ शेर्पालाई केन्द्रीय प्रतिनिधि पठाएर अभियान चलाएको छ।

विकासका कुराहरु, स्थानीय आबश्यकताको कुरालाई दोश्रो चरणमा गम्भीर छलफल हुने अभियानमा खटिएका पासाङ शेर्पा ले बताए। ‘कमिटिहरुको बैठक, पार्टी कामको तयारीमा ब्यस्त छौं, उनले भने, जनसंगठनहरुको भेला सकिएपछि प्रशिक्षण हुन्छ, त्यो सकिएपछि जनतासँग अन्तर संवाद हुन्छ।’

उनले स्थानीय पालिका सभा दल गठन गर्ने तयारी रहेको पनि जानकारी दिए। त्यो सभादलले निर्वाचित जनप्रतिनिधिले गरेको कामको अनुगमन र योजनाको बारेमा पनि चासो राख्ने शेर्पाले जानकारी दिए।

अहिले तयारी बैठक र अभिमुखिकरण, प्रशिक्षण र भेला, पालिका सभा दल गठन, सभादल र स्थानीय जनप्रतिनिधि सँग छलफल, दोश्रो चरणको प्रशिक्षण सकिएपछि जनतासँग अन्तरसंवाद हुने शेर्पाले जानकारी दिए। भोलीको दिनमा संभावना बोकेका युवाहरुको नामावली पनि तयारीको काम भईरहेको उनले बताए।

## उद्योगी व्यवसायीहरुको ४ बुद्धे समस्याका लागि ७ बुद्धे माग

विराटनगर। उद्योगी व्यवसायीहरुले विगत केही वर्ष देखि आन्दोलन गर्दे आएका छन्। तिनीहरुले बैक तथा वित्तिय समस्या समाधानको लीगि संघर्ष समिति बनाएर ४ बुद्धे समस्याको लागि ७ बुद्धे माग अगाडी सारका छन्।

एक प्रेश विज्ञप्ती जारी गर्दे सो माग गरेका हुन। विज्ञप्तीमा भनिएको छ विगत करिब एक वर्ष देखि देशमा भएको बैंक तथा वित्तिय समस्याहरु व्याजमा अप्राकृतिक वृद्धि, लगानी योग्य पूंजी र तरलता को अभाव, बैकहरुको मनपरी आधार दर, आधार दरमा मनपरी प्रिमियम दर थप गर्ने बैंकको गलत अभ्यास, आयातमा अवरोध, अव्यवहारिक चालुपूंजी कर्जा मार्ग निर्देशिका, आदि समस्या समाधानका लागी सरकार, नियमन निकाय र बैंक तथा वित्तिय संस्थाहरुको ध्यान आकर्षण गर्ने, भेट गर्ने कार्यबाट कुनै परिणाम नआए पछि देश भरका उद्योगी व्यापारिक संस्थाहरु आन्दोलित रहेर सडक आन्दोलन समेत चलिरहेको विदितै छ। विरोधका कार्यक्रम बारे नयाँ सरकार गठन भएको २४ घण्टा भित्र उद्योगी व्यवसायी लाई भेटघाट र समस्या बारे जानकारी प्राप्त गर्ने कार्य सरकारबाट भएको छ।

अर्थतन्त्र जटिल अवस्थामा रहेको यि तथ्यांक ले प्रष्ट गर्दछ। चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर ४ प्रतिशत मात्र हुने देखिन्छ। आर्थिक वर्षको मध्यमा आइपुग्दा २०७९ पुस महिनामा वार्षिक मुद्रास्फीति ७.२६ प्रतिशत पुगेको छ। यो अवधिमा वस्तु व्यापार घाटा रु. ७११ अर्ब ८६ करोड र सेवा व्यापार घाटा रु. ३१ अर्ब २७ करोड गरी कुल व्यापार घाटा रु. ७४३ अर्ब १३ करोड पुगेको छ। निर्यात जम्मा रु. ८१ अर्ब भन्दा कम मात्र भएको छ। आर्थिक वर्षको सात महिना व्यतित भईसक्दा पुँजीगत खर्च रु. ३८० अर्ब विनियोजित मध्य बल्ल १८ प्रतिशत भएको छ। राजस्व रु. १४ खर्ब लक्ष्यको ५८ प्रतिशत उठ्नु पर्नेमा ३७ प्रतिशत मात्र उठेको छ। विदेशमा पढ्न जाने युवा विद्यार्थीहरुले मात्रै यो ६ महिनाको अवधिमा रु. ३५ अर्ब ३६ करोड बराबरको पारिवर्त्य विदेशी मुद्रा मुलुक बाहिर लगेको औपचारिक आंकडा छ। म्यानुफ्याक्चरिङ्ग क्षेत्रको उत्पादकत्व कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशतमा ओर्लिएको छ। सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४४ प्रतिशत नाघेको छ। यो ६ महिनामा ४ लाख १८ हजार सक्रिय उमेरको जनशक्ति वैदेशिक रोजगारीका लागी बाहिरिएको छ। ति मध्य २ लाख ७६ हजार जना नयाँ हुन्।

बैंक तथा वित्तीय समस्या समाधान गर्न सरकारको पहिलो प्राथमिकताका लागी हामी सबैले अनुरोध गर्दै आइरहेको थियौ। देशको सिमा क्षेत्रका प्रमुख औद्योगिक तथा व्यापारिक जिल्ला विराटनगर, विरगंज, काठमाडौं, भैरहवा र नेपालगंज समेतका जिल्ला नगर एवं वस्तुगत संघहरु र स्थानिय ब्यबसायीक संस्था समेतले नेपाल सरकार, प्रधानमंत्री तथा अर्थमन्त्रि ज्यू मा अर्थ मन्त्रालयका श्रीमान सचिवज्यूहरु र नेपाल राष्ट्र बैंकका गभर्नर समेतमा भेट गरी सौहार्द वातावरणमा बार्ता द्धारा हाम्रो समस्याहरु समाधानका लागी तत्काल आग्रह गर्दछौ।

हाम्रो हालको समस्याहरु

१. कर्जामा अस्वभाविक व्याज वृद्धि। २. पुनरकर्जा को आकस्मिक फिर्ता माग। ३. बैंक र वित्तिय संस्थाहरुको कार्टेलिङ्ग बाट प्रिमियम दरमा मनपरी थप। ४. अव्यव हारिक चालू पूंजी कर्जा निर्देशिका।

हाम्रो मागहरु

१. एकल अंकको ब्याजदर कायम हुनु पर्ने। उद्योग र व्यापारकोब्याजदरमा २ प्रतिशतको फरक हुनु पर्ने। २. आधार दर मा प्रिमियम बढीमा २ प्रतिशत मात्र थप हुनु पर्ने। ३. चालु पूंजी निर्देशिका खारेज गरि व्यवहारिक बनाइनु पर्ने। ४. विभिन्न वित्तिय सेवा शुल्कहरु कम गरी सर्व साधारणलाइ वित्तिय सेवा ५० प्रतिशत निःशुल्क गर्नु पर्ने।५. हालको असहज अवस्थाका कारण कर्जाहरुको पूनःसंरचना र पून: तालीकरण गर्न पाउने पर्ने। ६. संस्थागत व्याजदर बचत व्याज सम्म कायम हुनुपर्ने। ७. स्प्रेड दर बढीमा २ प्रतिशत र आधार दर बेस रेट गणना तरीका सार्वजनिक गरिनुपर्ने।

माननीय प्रधानमंत्री एवं अर्थमन्त्रीज्यू एबं सरकार, नियमन निकायमा यि समस्याहरु प्रति गम्भीर रहेर छिटो भन्दा छिटो समस्या समाधानका लागी देशभरका सबै जिल्ला, नगर, वस्तुगत तथा स्थानिय उद्योग वाणिज्य संघहरु का अध्यक्षज्यूहरु तथा प्रतिनिधिहरुको तर्फ बाट यो वैठकले यस प्रेस विज्ञप्ति मार्फत जोडदार माग गर्दछौं।




# मोरंग र झापाबाट लागुऔषध ब्राउन सुगर सहित ५ पक्राउ

बिराटनगर । झापा र मोरङको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर र औषधी सहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवार प्रहरी कार्यालय बिराटचोकबाट खटिएको प्रहरी गस्ती टोलीले जिल्ला ईलाम पेल्टिमारी गाँउपालिका-३ घई भई सुन्दरहरैचा-१० त्रिबेणी चोक स्थित डेरा गरी बस्दै आएका २४ बर्षीय सुष्मिता लिम्बुलाई शंकास्पत अवस्थामा फेला पारी उनको कोठामा चेकजाँच गर्दा उक्त कोठाबाट लुकाई छिपाई राखेको स्पासपेन- ८५ पिस र ट्रमाडोल-८५ पिस ट्याबलेट गरी १७० पिस नियन्त्रित औषधी बरामद गरे सगै लिम्बु र सोही कोठामा बस्दै आएका झापा पेल्टिमारी-३ का २१ बर्षीय सुजल तामाङ र मोरङ सुन्दरहरैचा-१० का २३ बर्षीय प्रेम खड्का समेतलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी झापाको मेचिनगर नगरपालिका-६ स्थितमा ईलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचिनगर-१० धुलाबारीका २४ बर्षीय खातिबुल महमदलाई १ ग्राम ५ सय मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको हो भने ईलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले झापा गाँउपालिका-१ स्थितबाट २२ बर्षीय (समिर) भन्ने देवेन्द्र चौधरीलाई २ ग्राम लागुऔषध ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुको सम्बन्धित कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।

# गाँजा खेतीलाई बैधानिकता दिन माग

विराटनगर । धनकुटाको शहिदभुमी गाउँपालिका गाँजा उत्पादन हुने पालिकाको रुपमा चिनिँदै आएको छ ।

हरेक बर्ष त्यस पालिकामा प्रहरी जाने गाँजा उत्पादन गर्ने किसानहरुको गाँजा प्रहरीले नष्ट गर्ने गरेको छ । यस पालिकामा गाँजा खेती हुने गरेको र जंगलमा समेत गाँजा लगाउने गरेको आधारमा प्रहरीले हरेक बर्ष गाँजा फँडानी गर्दै आएको छ ।

पछिल्लो समय नेकपा एमालेको ग्रासरुट अभियानमा गाउँ गाउँमा पुगेका केन्द्रीय नेतालाई शहिदभुमी गाउँपालिका का स्थानीय नेता कार्यकर्ताले ब्यवसायीक गाँजा खेती गर्न पाउनु पर्ने माग राखेका छन् ।

आम्दानीको राम्रो श्रोत गाँजामा देखेका स्थानीयलाई आय आर्जनसँग जोड्न र गाँजा खेतीलाई बैधता दिने कानुनी ब्यवस्था मिलाउन स्थानीयले माग गरेको नेकपा एमालेका केन्द्रीय सदस्य जीवन घिमिरेले जानकारी दिए ।

'शहिदभुमी गाउँपालिका स्थानीय नेता कार्यकर्ताले गाँजाखेती गर्न पाउनु पर्ने मागहरु एमालेको ग्रासरुट अभियानको छलफल गर्ने क्रममा आएको छ, उनले भने, यसलाई कानुनी रुपमा बैधता प्रदान गर्नका लागि त्यसको अगुवाई एमालेले गर्नुपर्ने मागहरु आएको छ।' आर्थिक उपार्जन र आर्थिक समृद्धिसँग गाँजा खेतीलाई जोड्न सकिने स्थानीय नेता कार्यकर्ताले बताउँदै आएका छन् ।

शहिदभुमीमा गाँजा खेतीलाई बैधानिकता दिनु पर्ने माग आउँदै गर्दा छथर जोरपाटी गाउँपलिका का किसानले भने तरकारीको लागि बजार खोजीदिन माग गरेका छन् । तरकारीकोलागि पालिका उर्बर रहेको बताएका किसानहरुले तरकारी जतिपनि उत्पादन गर्न सकिने भएपनि बजारीकरणको लागि समस्या रहेको बताए । 'हामी तरकारी प्रसस्त उत्पादन गर्न सक्छौं भनेर किसानहरुले भन्ने गर्नु भएको छ, घिमिरेले भने, तपाईँहरुले हामीलाई बिदेश निर्यातको बातावरण बनाई दिनु पर्‍यो ।' धनकुटामा उत्पादित तरकारी लाई विदेश निर्यात गरेर डलर कमाउन सक्ने आत्म विस्वास बोकेर बसेका किसानहरु खाडी मुलुकमा समेत तरकारी निर्यात गर्न तयार रहेको बताएका छन् । त्यस्तै सुन्तला खेती प्रवर्द्धनका लागि चासो दिईनु पर्ने उनीहरुले बताउँदै आएका छन् ।

एमालेको ग्रासरुट अभियान को क्रममा धनकुटा जिल्लामा जिल्ला कमिटिको बैठक, प्रदेश कमिटि, जिल्ला कमिटि, पालिकाका पदाधिकारी, जनसंगठनका पदाधिकारीहरुसँग पहिलो अभिमुखिकरण सम्पन्न भएको छ। पालिका समितिका बैठकहरु बसेकाछन् । पालिका स्तरको अभिमुखिकरण सकिएको केन्द्रीय सदस्य घिमिरेले बताए । '१७ गतेदेखि वडा स्तरका बैठकहरु बसेका थिए, उनले भने, वडा अभिमुखिकरण सम्पन्न भएको छ। अब टोलमा गएर छलफलहरु शुरु गर्ने तयारी भईरहेको छ।' अभियानको क्रममा एक हप्तासम्म पार्टी सदस्यता नविकरण र वितरण सप्ताह गरिने जनाईएको छ। मिशन ग्रासरुटले कार्यकर्तामा उत्साह प्रदान गरेको, तल्लो तहका समस्या सुन्ने सुनाउने काम शुरु भएको छ र पार्टी भित्रको अन्तरबिरोधको पहिचान र समाधानको कामहरु भईरहेको घिमिरेले जानकारी दिए ।

धनकुटामा नेकपा एमालेले छथर जोरपाटी र शहिदभुमी गाउँपालिका तथा धनकुटा नगरपालिकामा जीवन घिमिरे, चौविसे र सागुरीगढी गाउँपालिकामा मानबिर राई, पाखिबास नगरपालिका, महालक्ष्मी नगरपालिकामा लक्ष्मी गौतमलाई जिम्मेवारी दिएको छ ।

# प्रचण्ड विरुद्ध लगाइएको अभियोग र मुद्दाप्रति आपत्ति

विराटनगर । प्रधानमन्त्री तथा पार्टी नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डविरुद्ध हत्या अभियोगसहितको मुद्धा दर्ता गरिएकोमा नेकपा (माओवादी केन्द्र) झापा भर्त्सना गरेको छ ।

माओवादी केन्द्र झापाले आज एक प्रेस विज्ञप्ति निकाल्दै अध्यक्ष प्रचण्डविरुद्ध लगाइएको अभियोग र मुद्दाप्रति आपत्ति जनाउँदै भत्सर्ना गरेको हो । "१० वर्षे जनयुद्ध, २०६२-०६३ को दोस्रो जनआन्दोलन र त्यसको जगमा भएको वृहत शान्ति सम्झौता, अन्तरिम संविधान, पहिलो र दोस्रो पटक सम्पन्न संविधानको निर्वाचन तथा संविधानसभाबाट निर्मित संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक र लोकतान्त्रिक गणतन्त्र आधारभूत संरचना सहितको वर्तमान नेपालको संविधान र अग्रगामी उपलब्धिहरु विरुद्ध हुने कुनै पनि गतिविधिप्रति सशक्त प्रतिवाद गरिने समेत सम्बद्ध सबैमा जानकारी गराइन्छ"- विज्ञप्तिमा उल्लेख छ ।

"दशवर्षे जनयुद्धको क्रममा भएका घटनाहरुको सम्बन्धमा वृहत शान्ति सम्झौताले निर्देशित गरे बमोजिम सत्यनिरुपण तथा वेपत्ता छानविन आयोग गठन भई उक्त आयोगले संक्रमणकालीन न्यायिक कारवाही सम्पन्न गर्न लामो समयदेखी क्रियाशिल भइरहेको परिप्रेक्षमा उक्त आयोगको अधिकारक्षेत्र भित्रका विषयहरुलाई प्रतिकूल असर पर्नेगरी कुनै पनि अधिकारक्षेत्र ग्रहण गर्न, कारवाही अगाडी बढाउन र सो सम्बन्धमा कुनै निर्णय गर्न नमिल्ने स्मरणसहित सचेत गराउन चाहन्छौं", माओवादी केन्द्र जिल्ला समन्वय

वांकी अन्तिम पेजमा...

# हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय,मोरंग, प्रदेश १

## मार्च आठ...

अभियानहरु यी समग्र महिला हरुको चासो, समस्या र प्राथमिकतालाई ध्यानमा राखेर गरिनुपर्छ ।

उनीहरुमाथि हुने लैंगिक हिंसाको विविधतालाई एकै ठाउँमा सोलोडोलोमा राख्दा स्वाभाविकरुपमा सहरीया, सभ्रान्त, उच्च जातका पहाडी मूलका महिलामात्र लाभान्वित हुने र अरु महिला पीडित हुने कुरालाई अस्वीकार गर्न सकिँदैन ।

महिलाभित्र पनि एक महिलाले अर्की महिलालाई गर्ने भाषागत, जातीय, धार्मिक विभेद, छुवाछुत उत्पीडन आदिलाई विश्लेषण गरेर सोहीअनुसार अभियान सञ्चालन गर्दा लाभदायक हुन्छ ।

नेपालमा २००८ सालमा महिला संघ र अखिल नेपाल महिला संघको स्थापनापश्चात् संस्थागतरुपमै महिला आन्दोलन सुरु भएको पाइन्छ ।

यस अवधिमा महिला मुक्तिका लागि भन्दै थुप्रै संघसंस्था र संगठनहरु निर्माण भएका छन् र कैयौं आन्दोलन पनि भएका छन् ।

यी सबै संरचना, नीतिनियम र आन्दोलनहरुले दलित महिला, वादी महिला, मधेसी महिला, मुस्लिम महिला, जनजाति महिला, गरिब महिला, कर्णाली क्षेत्रका महिलाहरुका निर्दिष्ट माग, आवश्यकता र प्राथमिकता, प्रतिनिधित्वका सवाललाई कसरी सम्बोधन गरेको छ ?

छुवाछुत तथा जातीय विभेद, जातीय अत्याचार र हिंसाविरुद्ध आवाज उठायो कि उठाएन? दलित महिला भएकै कारण हुने यौन शोषण, बलात्कार र अन्तरजातीय प्रेम तथा विवाहका नाममा गरिने हत्याविरुद्ध कस्ता प्रयासहरु गरिए ? कहाँ कमजोरी रहे भन्नेजस्ता पक्षको विश्लेषण गरेर यस्ता अभियान सञ्चालन गर्न आवश्यक देखिन्छ ।

नेपालमा दलित महिला सबैभन्दा बढी हिंसा सहन बाध्य समूह हो । उनीहरु नै नेपालका वास्तविक श्रमिक महिलाहरु हुन् । अधिकांश दलित महिलाहरु शारीरिक श्रमको काममा रहेका छन् ।

अधिकांश ग्रामीण इलाकामा दलित महिलाहरु कृषि मजदुरकै रुपमा रोजगारमा रहेका छन् । अधिकांश पुरुषहरु भारतमा रोजगारमा जाने र कुनै विकल्प नभएपछि महिलाहरु गाउँकै जमिनदारको खेतमा रोपाइँ गर्ने, मल बोक्ने, बाली काट्नेजस्ता काम गर्छन् ।

सहरीकरण भइरहेको ठाउँमा उनीहरु घर तथा बाटो निर्माणमा मजदुरका रुपमा काम गर्छन् । बालुवा बोक्ने, बालुवा चाल्ने, ढुंगागिटी कुट्ने, इँटा बोक्ने, सिमेन्ट बोक्ने, सिमेन्ट बनाउने, घर रंगाउनेजस्ता काममा अधिकांश दलित महिला रहेका हुन्छन् ।

यसैगरी दलित महिलाहरु निम्न स्तरको प्रदूषणयुक्त काममा पनि रहेका हुन्छन् । बाटो र नाली सफा गर्ने, शौचालय सफा गर्नेजस्ता सरसफाइका काममा रहेका छन् । दलित महिलाको शिक्षित रोजगारदर पनि बिस्तारै बढ्दै भने गएको छ ।

नेपालको मूलधारको महिला अभियानले महिलामाथि हुने उत्पीडनमध्ये घरेलु लैङ्गिक हिंसालाई बढी महत्त्व दिएको पाइन्छ । तर, दलित महिलाहरुले बढी उत्पीडन भने सार्वजनिक स्थल वा घरबाहिर भोग्नुपर्छ ।

मूलधारको महिला आन्दोलनको प्राथमिकता समान मौका, समान ज्यालाजस्ता सबालमा बढी केन्द्रित देखिन्छ । तर, दलित महिलाका समस्या भने मानसिक अत्याचार, यौन उत्पीडन, बलात्कार, प्रणालीगत वेश्यावृत्ति सबैभन्दा जटिल हुन् ।

मूलधारको महिला आन्दोलनले महिला उत्पीडनको जातीय कारण विश्लेषण गरेको पाइँदैन । उदाहरणका लागि कतिपय रोजगार जस्तै खाना पकाउने वा भात पकाउने काममा जातीयताकै कारणले गर्दा दलित महिलाले काम पाउँदैनन् । दलित महिलाले चिया पसल, होटेल खोले भने पनि सफल हुँदैन ।

यसैले यस्ता अभियानहरु दलित महिला केन्द्रित हुनु आवश्यक देखिन्छ । अधिकांश दलित महिला गरिब, सर्वहारा वर्ग, श्रमिक वर्ग भएकोले उनीहरुको जीविकोपार्जनमा सुधार हुने अभियान सञ्चालन हुनसकेमात्र समग्र महिलाहरुको सशक्तीकरण हुन सक्छ ।

औपचारिक शिक्षामा पहुँच कम भए पनि दलित महिलाहरु सीप, कला, कौशलका धनी हुन्छन् । यसैले यस्ता सीपको विकास र प्रयोग बढाउन राज्यले कस्तो खालको नीति अपनाउनु पर्छ भन्ने बहस हुनसके श्रमिक महिला दिवस मनाउनुको महत्त्व पनि बढ्नेथियो ।

